# मिल्क एनालाइजर वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६

**प्रस्तावना** : सुदूरपश्चिम प्रदेशमा दुधको बजारीकरण प्रणालीमा वैज्ञानिक र व्यवस्थित पद्धति लागू गरी उचित मूल्य प्राप्त गर्नमा सहयोग गर्दै व्यवसायिक रुपमा सफा, स्वच्छ र गुणस्तरीय दुध उत्पादन वृद्धि गर्नका लागि डेरी उद्योग तथा दुग्ध सहकारीहरूलाई यान्त्रीकरण सहयोग अन्तर्गत मिल्क एनालाइजर वितरण कार्यक्रमलाई व्यवस्थित, सरल, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वान्छनीय देखिएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "मिल्क एनालाइजर वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले " डेरी उद्योग तथा दुग्ध सहकारीहरूलाई मिल्क एनालाइजर वितरण कार्यक्रम सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) "विज्ञ केन्द्र" भन्नाले यस प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले मन्त्रालय वा मातहतका निकायले कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा जारी गरेको सार्वजनिक सूचना बमोजिम प्रस्तावकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारणा पत्र र आवश्यक कागजात समेत सम्झनु पर्छ ।



निमित्त सचिव

मन्त्री

... मामिला तथा कानून मन्त्रालय

... कैलाली

(च) "साझेदार" भन्नाले "डेरी उद्योग तथा दुग्ध सहकारीहरूलाई मिल्क एनालाइजर वितरण" कार्यक्रम सञ्चालन गर्नका लागि ईच्छुक दफा ३ बमोजिमका निकाय सम्झनु पर्छ ।

(छ) "साझेदारी" भन्नाले कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय वा मन्त्रालयबाट अख्तियार प्राप्त मन्त्रालय र साझेदार बीच भएको द्विपक्षीय वा बहुपक्षीय सम्झौता सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ६ को उपदफा (१) र (२) बमोजिम गठित प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रमको साझेदारी तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. अनुदान प्राप्त गर्न सक्ने साझेदार निकाय र यसको उपयोग : (१) यस कार्यक्रममा अनुदान पाउन योग्य देहायका निकायहरुले अनुदान प्राप्त गर्न साझेदारी गर्न सक्ने छन् :-

(क) दुग्ध व्यवसायमा संलग्न सहकारी संघ वा संस्था,

(ख) दुग्ध व्यवसायसँग सम्बन्धित साझेदार कम्पनी वा फर्म, र

(ग) कानून बमोजिम दर्ता भएका डेरी उद्योग ।

(२) अनुदान रकम देहाय अनुसारको मेसिनरी उपकरण खरिद तथा जडानका लागि प्रयोग गर्न सकिनेछः-

(क) मिल्क एनालाइजर मेसिन, र

(ख) कम्प्युटर प्रिन्टर तथा अन्य सहायक उपकरण ।

(३) सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरूमा कार्यक्रम सञ्चालन गरिनेछ ।

४. कार्यक्रम सञ्चालन सम्बन्धी जिम्मेवारी र दायित्व : (१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा प्रचलित कानून बमोजिम सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व मन्त्रालय र दफा ६ बमोजिम गठित समितिको हुनेछ ।



निमित्त सचिव

(२) सम्झौता अनुसारको कार्य निर्धारित समयसीमाभित्र उच्च गुणस्तरसहित सम्पन्न गराउने दायित्व मन्त्रालयको र गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा मन्त्रालय वा मातहतका निकायबाट प्राप्त गर्न सक्नेछन ।

(४) साझेदारी गर्न चाहने प्रस्तावकले लागतको २५ प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन, कार्यान्वयन तथा व्यवस्थापन

५. कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रिया : (१) मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची-१ बमोजिमको ३० दिने सार्वजनिक सूचना कम्तीमा प्रदेशस्तरको दैनिक पत्रिकामा प्रकाशित गरी प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान भए पश्चात कार्यक्रममा सहभागी हुन ईच्छुक संस्थाहरुले अनुसूची-२ अनुसारको ढाँचामा आवेदन, अनुसूची-३ अनुसारको कार्ययोजना, अनुसुची-४ बमोजिमको लागत साझेदारी प्रतिवद्धता-पत्र र अन्य सान्दर्भिक कागजातहरू संलग्न राखी निर्धारित समयसीमा भित्र मन्त्रालयमा आवेदन दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचनाका आधारमा अनुसूची-२ बमोजिमका कागजातहरु संलग्न गरी निर्धारित समयसीमा भित्र आवश्यक प्रस्तावहरू दर्ता हुन नआएमा मन्त्रालयले प्रचलित कानून बमोजिम पुनःसूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारवाही गरिने छैन ।

(५) उपदफा (२) बमोजिम प्राप्त प्रस्तावहरुको अनुसुची-५ मा उल्लिखित मूल्याङ्कनका आधारमा दफा ६ बमोजिमको समितिले अनुदानग्राही छनौट गरी अनुदान रकमसमेत स्वीकृतिको लागि मन्त्रालयका सचिव वा सचिवको अख्तियारी प्राप्त अधिकारी समक्ष सिफारिस गर्नु पर्नेछ ।



डा. प्रकाश ब. शाह
मन्त्री

निमित्त सचिव

(६) उपदफा (५) बमोजिम छनौट भई सिफारिस भएका अनुदानग्राहीहरुको विवरण एकीन गरी अनुदान रकमसमेत मन्त्रालयका सचिव वा सचिवको अख्तियारी प्राप्त अधिकारीले प्रचलित कानूनको अधिनमा रही स्वीकृत गर्नु पर्नेछ ।

(७) यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही प्रकृतिको अनुदान अन्य कुनै निकाय वा संघ संस्थाबाट पाईसकेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

६. <u>प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति</u> : (१) मन्त्रालयमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ :-

(क) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ङ)) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) यस कार्यविधिमा अन्यत्र लेखिएका कुराका अतिरिक्त उपदफा (१) बमोजिम गठित समितिलाई प्रचलित कानून प्रतिकूल नहुने गरी कार्य सम्पादन गर्ने सन्दर्भमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) स्वीकृत कार्यक्रमहरु प्रचलित कानून बमोजिम सञ्चालनका लागि मार्गदर्शन गर्न,

(ख) प्रचलित कानून बमोजिम प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ग) प्रचलित कानून समेतको अधिनमा रही अनुसुची-५ बमोजिम प्रस्तावहरूको मूल्याङ्कन गर्ने,

(घ) मूल्याङ्कन गर्नु पूर्व समितिले आवेदकले प्रस्ताव गरेको परियोजना स्थलको स्थलगत अनुगमन गर्ने,



निमित्त सचिव

(ङ) लागत इष्टिमेट र स्पेसिफिकेसन तयार गर्न लगाउने,

(च) अनुदानमा निर्माणाधिन परियोजनाको नियमित अनुगमन गर्ने र आवश्यक निर्देशन दिने,

(छ) मूल्याङ्कन गरी अधिकतम अंक हासिल गरेका प्रस्तावहरुलाई छनौटको लागि मन्त्रालयका सचिव वा सचिवको अख्तियारी प्राप्त अधिकारी समक्ष सिफारिस गर्ने,

(ज) यस कार्यविधि बमोजिम उपलव्ध गराइएको अनुदान रकम दुरुपयोग वा हिनामिना हुन नदिने,

(झ) स्वीकृत अनुदान कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(ञ) लागत इस्टिमेट र स्पेसिफिकेसन अनुसार मेसिनरी औजारको गुणस्तर कायम गराउने,

(ट) संरचना निर्माण, सञ्चालन र व्यवस्थापन सुनिश्चितताका लागि आवश्यक कार्य गर्ने,

(ठ) सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(ड) अनुदानमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने ।

७. <u>बैठक सम्बन्धी कार्यविधि</u>: (१) दफा ६ को उपदफा (१) बमोजिम गठित समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिले विषय विशेषज्ञ तथा सरोकारवालालाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सकिनेछ ।



निमित्त सचिव

## लागत इष्टिमेट र सम्झौता तथा अनुदान प्रवाहका शर्तहरु

८. लागत इष्टिमेट र सम्झौता : (१) दफा ५ को उपदफा (६) बमोजिम स्वीकृत भएका अनुदानग्राहीलाई आवश्यक कागजातहरुसहित सम्झौता गर्न मन्त्रालयले १५ दिनको समयावधि तोकी सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र आएका अनुदानग्राहीसँग अनुसुची-६ बमोजिमको ढाँचामा प्रचलित कानून अनुसार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्दा अनुदानग्राहीले गर्ने लागत साझेदारी र अनुदानको अंश वा रकम समेतको व्यहोरा सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्दा मोडेल फर्मको संरचना निर्माण सम्पन्न भएको मितिले कम्तीमा १० वर्षसम्म सञ्चालन र व्यवस्थापन गर्ने गरी अनुदानग्राहीसँग कबुलियतनामा समेत गर्नु पर्नेछ ।

(५) सम्बन्धित विषयको प्राविधिकबाट स्थलगत सर्वेक्षण गरी तयार गरिएको स्पेसिफिकेशन र लागत इस्टिमेट मन्त्रालयका सचिव वा सचिवको अख्तियारी प्राप्त अधिकारीले प्रमाणित गरी अनुदानग्राहीलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) सम्झौता गर्न आउँदा अनुदानग्राहीले आफुले व्यहोर्नु पर्ने लागतको सुनिश्चतता हुने प्रमाण तथा जम्मा लागत इष्टेमेटको पाँच प्रतिशत रकम मन्त्रालयको बैंक धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट प्रचलित कानून बमोजिमको अवधिका लागि जारी गरेको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

९. अनुदान प्रवाहका शर्तहरू: (१) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून अनुसार दर्ता भएका दुग्ध सहकारी संघ वा संस्था, दुग्ध व्यवसायसँग सम्बन्धित साझेदारी कम्पनी वा फर्म र डेरी उद्योग कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(२) यस अघि मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकाय वा अन्य निकाय वा संघ संस्थाबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको प्रस्तावक साझेदार पूनःअनुदानका लागि योग्य मानिने छैन।

(३) उपदफा (१) र (२) बमोजिमका शर्तहरुको अलावा अनुदान प्राप्त गर्ने प्रस्तावक साझेदारले देहायका थप शर्तहरु समेत पालना गर्नु पर्नेछ :-

(क) कम्तीमा १० वर्षसम्म निरन्तर व्यवसाय सञ्चालन गर्नु पर्ने,

(ख) सडक र बिद्युतको सुविधाका साथै बजारको सहज पहुँच हुनु पर्ने,

(ग) दैनिक कम्तीमा ५०० लिटर दुध संकलन गर्नुपर्ने,

(घ) दुध चिस्यान गर्ने चिलिङ भ्याटको व्यवस्था हुनु पर्ने,

(ङ) कम्तीमा २५ प्रतिशत लागत साझेदारी हुनु पर्ने, र

(च) प्राविधिक, वित्तीय र भौगोलिक रूपले समेत उपयुक्त हुनु पर्ने ।

(४) साझेदारले अनुसुची-७ अनुसार मन्त्रालयले बनाएको स्पेसिफिकेशन अनुसारको लागत ईष्टिमेट स्वीकृत गराई मिल्क एनालाइजर सेट खरिद गरेर जडान गर्नु पर्नेछ ।

(५) यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानमा प्राप्त उपकरणहरू अन्य कार्यमा प्रयोग गर्न वा अन्य व्यक्तिलाई लिजमा प्रयोग गर्न दिन पाईने छैन।

(६) साझेदारले कार्यक्रम स्थलमा अनुदान प्राप्त रकम र कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीका लागि सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड राख्नु पर्नेछ ।

## परिच्छेद-५

## अनुगमन, मूल्याङ्कन तथा फरफारक

१०. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u> : (१) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरू पालना गरे नगरेको अनुगमन आवश्यकता अनुसार मन्त्रालयले विज्ञ टोलीमार्फत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको टोली तथा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला प्राविधिक टोली र विज्ञबाट अनुगमन हुनेछ र भुक्तानी प्रक्रियाका लागि अनुदान उपयोग प्रगतिको अवस्थाको अनुगमन प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) सम्बन्धित साझेदारले मासिक, चौमासिक र वार्षिक रूपमा खरिद गरेको दुधको परिमाण, दुधको फ्याट, एस. एन. एफ. लगायत अन्य आँकडा र दुधको मासिक मुल्यसूची विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) सञ्चालित कार्यक्रमको मन्त्रालय वा समितिले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(५) उपदफा (२) र (४) बमोजिमको अनुगमन तथा निरीक्षण प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको स्पेसिफिकेशन र लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विज्ञसहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको स्पेसिफिकेशन र लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित साझेदार निकायलाई निर्देशन दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने साझेदार निकायलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(१०) उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(११) सञ्चालित कार्यक्रमको विज्ञ टोली, मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोझै अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

११. <u>सार्वजनिक परीक्षण</u>ः (१) साझेदारले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात संरचना निर्माण कार्यका सम्बन्धमा देहाय बमोजिमको विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछः-

(क) सार्वजनिक वा नागरिक सुनुवाई र,

(ख) प्रदेश सरकारबाट उपलव्ध स्रोतको उपयोग र उपलव्धी हासिल भए नभएको मन्त्रालयको प्राविधिक सर्वेक्षण प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक परीक्षणको पुष्टी हुने आवश्यक कागजातहरु साझेदारले तयार गरी अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेख साझेदारले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१२. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u> :(१) यस कार्यविधि बमोजिम सम्झौता र स्पेसिफिकेशन अनुसारको कार्यसम्पन्न भई दफा ११ बमोजिम सार्वजनिक परीक्षणसमेत सम्पन्न भएपछि साझेदारले सक्कल बील, भौचर लगायत आवश्यक विवरण कागजातसहित मन्त्रालयमा समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदन प्राप्त भएपछि मन्त्रालयले विषय विज्ञ तथा प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई पछिसम्म फरक नपर्ने गरी तोकिएको स्पेशिफिकेशन र तथा लागत इस्टिमेट अनुसार गुणस्तरीय ढंगले कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक टोलीले दफा १० बमोजिम अनुगमन तथा निरीक्षणबाट औंल्याएको विषय कार्यान्वयन भए नभएको व्यहोरा समेत कार्यसम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा मन्त्रालयले साझेदारलाई बढीमा दुई किस्तामा अनुदान उपलब्ध गराउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुदान रकम कार्यालयले पहिलो किस्ता मेसिनरी औंजार उपकरण कार्यस्थलमा पुगे पछि र बाँकी किस्ता जडान प्रक्रिया सम्पन्न भई मिल्क एनालाइजर प्रयोगमा आएपछिको प्रतिवेदनको आधारमा प्रचलित कानून बमोजिम साझेदारको बैंक खातामार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

१३. <u>प्रगति प्रतिवेदन</u> :(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन समितिले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नु पर्नेछ।

निमित्त सचिव

१४. <u>कार्यक्रम रद्द गर्न सकिने</u>: (१) सम्झौता पत्रमा तोकिएका शर्तहरु पालना नगर्ने वा मन्त्रालयले अनुगमन निरीक्षणको समयमा दिएका निर्देशनहरु पालना नगर्ने साझेदारको सम्झौता रद्द गर्न सकिनेछ तथा सो अवस्थामा मन्त्रालयले अनुदान रकम भुक्तानी गर्ने छैन ।

१५. <u>असूल उपर गरिने:</u> (१) दफा ८ को उपदफा (४) बमोजिम गरिएको कबुलियतनामाको अवधिभर साझेदार निकायले संरचनाको सञ्चालन र व्यवस्थापन नगरेमा निजले प्राप्त गरेको अनुदान रकम मन्त्रालयले सरकारी बाँकी सरह असूल उपर गर्न आवश्यक कारवाही गर्न सक्नेछ ।

(२) अनुदान प्राप्त गरी विज्ञ केन्द्रको प्राविधिक सल्लाह अनुरुप कार्य नगरी सम्झौता विपरीत कार्य गर्ने साझेदारलाई अभिलेखमा राखी सार्वजनिक गर्ने र भविष्यमा समेत कुनै पनि प्रकारको अनुदान प्रदान गर्ने छैन।

१६. <u>लेखा तथा लेखापरीक्षण</u> : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१७. <u>निर्देशन दिन सक्ने:</u> यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले निर्देशनालय, विज्ञ केन्द्र र साझेदार निकायलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

१८. <u>प्रचलित कानून लागू हुने</u> : अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>बाधा अडकाउ फुकाउने र संशोधन:</u> (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) प्रदेश सरकारले यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

मन्त्री



निमित्त सचिव

अनूसुची -१

(दफा ५ उपदफा (१) सँग सम्बन्धित)

## मिल्क एनालाइजर वितरण कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रदेश सरकार, मन्त्रालयको आ.व.२०...../..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायको कार्यक्रम सञ्चालन गर्न कार्यविधिले तोके बमोजिमका शर्तहरू पालना गरी साझेदारी गर्न ईच्छुक संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला । विस्तृत जानकारीका लागि .................. कार्यालय फोन नं........... मा सम्पर्क राख्न वा .........................वेब साईटबाट मिल्क एनालाइजर वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ डाउनलोड गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छः-

१. रू.१० को टिकट टाँस गरी अनूसूची-२ अनुसारको आवेदन फारम
२. अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४. संस्थासँग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रका प्रमाणित प्रतिलिपी
५. संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि, नविकरण प्रमाण तथा लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि
७. अनुसुची -४ अनुसारको साझेदारी प्रतिबद्धता पत्र
८. कार्यक्रमको लागि आवेदन दिने संस्थाका सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपि

निमित्त सचिव

## अनूसुची -२

(दफा ५ उपदफा (२) सँग सम्बन्धित)

**मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालन आवेदन-पत्र**

श्री....................,

......................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रबाट मिति .......................... मा प्रकाशित सूचना अनुसार ............................................. संस्थाको तर्फबाट उक्त कार्यक्रममा सहभागी हुन ईच्छा भएकोले तपसिल अनुसारका कागजात राखी यो आवेदन पेश गरेका छौं । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै आवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध छ ।

तपसिल

१. अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
२. संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि र मू. अ. क. प्रमाणपत्र, अघिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
३. संस्थासँग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु
४. संस्थाको तर्फबाट कार्यक्रम सञ्चालन सम्बन्धी भएको निर्णय र कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि
५. अनुसुची -४ अनुसार लागत साझेदारी प्रतिबद्धता पत्र

आवेदन दिने संस्थाको तर्फबाट
संस्थाको प्रमुखको नाम र दस्तखतः
संस्था प्रमुखको पद :
संस्थाको नाम ठेगाना :
कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगानाः
संस्थाको छाप :
मिति :



निमित्त सचिव

अनूसुची -३

(दफा ५ उपदफा (२) सँग सम्बन्धित)

**मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालनको लागि**

**संक्षिप्त कार्ययोजना**

| | | |
|---|---|---|
| १. | प्रस्तावक संस्थाको नामः संस्थाको सम्पर्क टेलिफोन नं. : | |
| २. | संस्थाको ठेगानाः जिल्लाः उमनपा/न.पा./गा.पा. वडा नं. | |
| ३. | संस्था कार्यरत स्थान र परियोजना कार्यान्वयन हुने स्थानको नामः | |
| ४. | संस्था दर्ता प्रमाणपत्र नं. र संस्था दर्ता गर्ने कार्यालयको नाम ठेगाना, भ्याट, प्यान नं. | |
| ५. | संस्थाले हालसम्म गरेका उल्लेखनीय कामहरु: | |
| ६. | खाता सञ्चालन गरिने बैंकको नाम र खातावालाहरुको नामः | |
| ७. | प्रत्यक्ष्य रोजगारी संख्याः | |
| ८. | दैनिक दुध विक्री गर्ने कृषक संख्याः<br>दैनिक दुध संकलन क्षमताः<br>चिलिङ भ्याट क्षमताः | |
| ९. | प्रस्तावित कार्यक्रमबाट हासिल हुने ५ वटा उपलव्धीहरू: | |
| १०. | प्रस्तावित योजनाबाट कार्यान्वयन गर्ने स्थानमा विद्यमान भौतिक सुविधाहरू: | |
| | सडकः<br>बिजुलीः<br>पानीको व्यवस्था | नजिकको बजारको नामः<br>दुरीः<br>नजिकको दुग्ध प्रशोधन उद्योगः |
| ११. | लाभान्वित परिवार संख्याः | |

**प्रस्तावित कार्यक्रमको कूल लागतः**

| क्र.स. | सम्पन्न गर्नु पर्ने कार्य विवरण | जम्मा रकम रु. | वित्तीय स्रोत (प्रस्तावकको लगानी वा अनुदान वा अन्य साझेदार) |
|---|---|---|---|
| १. | कूल अनुमानित बजेट | | |
| २. | प्रस्तावकले थप गर्ने बजेट | | |
| ३. | कूल लागत | | |

प्रस्तावकको तर्फबाट सही गर्नेको

नाम : संस्थाको छापः

पदः

दस्तखतः मितिः

निमित्त सचिव

अनुसूची -४

(दफा ५ उपदफा (२) सँग सम्बन्धित)

## लागत साझेदारी प्रतिबद्धता

प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, निर्देशनालय, कार्यालय..................को मिति..................को ......................मा प्रकाशित सूचना अनुसार ............................................ उ.न.पा./न.पा./गा.पा............नं वडा........... गाउँ...........................स्थायी ठेगाना भएको श्री....................................................... ले लागत साझेदारीमा...............................................कार्यक्रम सञ्चालन गर्नका लागि पेश गरेको व्यवसायिक योजना अनुसार अनुमानित कूल लागत रू.......................को २५ प्रतिशतले हुन आउने रू.............................. बराबरको लगानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गरेका छौं ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत :

नाम :

मिति :

संस्थाको छापः

अनुसूची -५

(दफा ५ उपदफा (५) र दफा ६ को उपदफा (२) खण्ड (ग) सँग सम्बन्धित)

मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालनका लागि प्रस्तावको छनौट गर्दा अपनाईने

प्रस्ताव छनौट मूल्याङ्कनका आधारहरू

आवेदक संस्थाको नाम र किसिम :

ठेगाना :

पुर्वाधार निर्माण गरिने स्थान :

क्षमता :

| मूल्याङ्कनका आधारहरू अंक | २५ | २० | १५ | १० |
|---|---|---|---|---|
| कारोवार भएको कूल वर्ष | | | | |
| दुध संकलन परिमाण दैनिक लिटर | | | | |
| चिलिंग भ्याटको क्षमता | | | | |
| दैनिक दुध संकलन गर्ने कृषक संख्या | | | | |

राय तथा सुझाव

अगाडी बढाउने तथा नबढाउने प्रष्ट धारणा सहितको कारणहरु उल्लेख गर्ने ।

मुल्याङ्कनकर्ताको

हस्ताक्षर :

नाम :

मिति :



निमित्त सचिव

अनुसुची -६

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

<u>मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालनको लागि सम्झौता-पत्र</u>

प्रदेश सरकार, मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्रको आ.व. ..........को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा मिल्क एनालाइजर वितरण कार्यक्रम गर्ने उद्देश्य अनुरुप मिति ...........मा .........पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरूमध्ये यस मन्त्रालय/निर्देशनालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिने) र ............................................ प्रचलित कानून अनुसार दर्ता भएका दुग्ध सहकारी संघ वा संस्था/दुग्ध व्यवसायसँग सम्बन्धित साझेदारी कम्पनी/फर्म/डेरी उद्योग (यस पछि दोस्रो पक्ष भनिने) का बीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता सम्पन्न भयो ।

<u>तपसिल</u>

१. प्रथम पक्ष वाट प्राप्त भएको अनुसुची-७ अनुसारको स्पेसिफिकेसनमा आधारित भई मिल्क एनालाइजर ......................... ............ ...............पहिलो पक्षबाट स्वीकृति भए अनुसार लागत ईष्टीमेट अनुसार जडान गरी सञ्चालन गर्नुपर्नेछ ।

२. दोश्रो पक्षले संस्थाको निर्णय अनुसार कारोबार हुने गरी नेपाल सरकारबाट स्वीकृती प्राप्त नजिकको बाणिज्य बैंङ्कमा खाता खोल्नु पर्नेछ र प्रथम पक्षबाट स्वीकृत कार्यक्रम सञ्चालन गरी खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेस हुन आएमा मन्त्रालयको प्रमुख वा निजले खटाएको सम्बन्धित अधिकृतले स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश पछि कार्य प्रगतिको अधारमा विनियोजन भएको अनुदान रकम बढीमा २ किस्तामा उक्त खातामा जम्मा गरी दिनेछ ।

३. प्रथम पक्षले उपलव्ध गराएको मिल्क एनालाइजर मेशिनको सञ्चालन, मर्मत संभार तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

४. प्रथम पक्षले उपलव्ध गराएको मेसिन प्रथम पक्षको अनुमती बेगर अन्य कुनै पनि संस्थामा स्थानान्तरण गर्न पाईने छैन ।

५. दोश्रो पक्षले कारणबश संस्था बन्द गर्नु परेमा प्रथम पक्षले उपलव्ध गपराएको उपकरण प्रथम पक्षलाई नै फिर्ता दिनु पर्ने छ ।

६. दोश्रो पक्षले सार्वजनिक जानकारीका लागि संस्थाको बोर्डमा सहयोगको किसिम उल्लेख गरेर सहयोगी निकाय भनी प्रथम पक्षको नाम राखु पर्दछ ।

७. दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा प्रचलित विद्यमान कानून बमोजिम कारवाहीको भागेदार हुनु पर्नेछ ।

८. दोस्रो पक्षले पहिलो पक्षको उपस्थितिमा अनिवार्य रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरी सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ ।



निमित्त सचिव

९. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछन् ।

१०. यस सम्झौतामा रहेका शर्तहरु र प्रचलित कानूनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. उपकरण जडान सम्पन्न भएको मितिले कम्तीमा १० वर्ष सञ्चालन र व्यवस्थापन गर्ने गरी दोश्रो पक्षले कबुलियतनामा समेत गर्नु पर्नेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोश्रो पक्ष |
| मन्त्रालयको तर्फबाट सही गर्नेको | संस्थाको अध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयको छापः | संस्थाको छापः |

रोहवर

| | |
|---|---|
| नामः | नामः .......................... |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षरः |

ईति सम्बत ........ साल ........ महिने .......... गते ........ रोज शुभम् ................. ।

मा. प्रकाश ब. शाह
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

निमित्त सचिव

अनुसची -७

(दफा ९ उपदफा (४) सँग सम्बन्धित)

<u>मिल्क एनालाइजरको स्पेसिफिकेसन</u>

| S.N. | Particulars | Requirements | Quantity |
|---|---|---|---|
| 1 | **ELECTRONIC WEIGHING SCALE** | **200 Kgs.** | 1 |
| 2 | Capacity : 0-200 Kg.(+/- 20 Grams) | **600mm*600mm size** | |
| 3 | **DIGITAL INDICATOR** | Indication : 7 Segment LED, 25mm Height, Red Display disp. of fat,weight and amount | 1 |
| 4 | **Integrated AMCU Software** | **in Nepali Language** | 1 |
| 5 | **Electronic Fat / SNF Tester** | **(Milk Analyzer 30 sec)** | 1 |
| 6 | **UltraSonic Cleaner** | | 1 |
| 7 | **COMPUTER HARDWARE : Branded (HCL/WIPRO)** | Intel PDC 2.7 GHZ, 1 GB DDR II Ram<br>320 GB HDD 7200 rpm, DVD R/W<br>18" LCD Monitor, 1 Serial, 1 Parallel, KBD Ports,<br>PS2 Type 2 Button Optical Scroll Mouse with Pad | 1 |
| 8 | **DMP Model** | **80 Column and 9 pin: LQ 300 Esc II** | 1 |
| 9 | **U P S : 1.8 KVA (Line Interactive)** | **1.8 KVA on line system** | 1 |
| | **Stabilizer** | **2.5 KVA** | 1 |

मा. प्रकाश ब. शाह
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

निमित्त सचिव